# बाखा ब्रिडर फार्म तथा समूहको मापदण्ड र नियमन प्रक्रिया, २०७६

## १ पृष्ठभुमी

देशको सबै भौगोलिक क्षेत्रहरुमा बाखा पालन भईरहेको छ । परम्परागत रुपमा स्थानीय हावापानी तथा वातावरण अनुसार विभिन्न जातका रैथाने बाखाहरु पालिदै आएता पनि पछिल्लो समयमा यसको व्यवसायीकरण हुदै जादा रैथाने जातको साथै विभिन्न विदेशी जातहरु भित्रिने र त्यसबाट स्थानीय तथा रैथाने जातका बाखाहरुको नश्ल सुधार गर्ने प्रचलन बढदै गएको छ । यस्तो प्रकृयाले केहि उत्पादन बृद्धि भएको देखिएतापनी यहा रहेका बहुगुणी र बहुउपयोगी रैथाने जातका बाखाहरु लोप हुन सक्ने सम्भावना देखिन्छ ।

राष्ट्रिय कृषि नीति, २०६१ अनुसार उन्नत नश्लको उत्पादन तथा बिक्रिवितरण लाई नियमन गरी गुणस्तर कायम गर्न तथा कृषि जैविक विविधता नीति२०६३ अनुसार पशु आनुवांशिक स्रोतहरुको अभिलेख तयार गरी पन्जिकरण गर्न समेत आवश्यक देखिएको सन्दर्भमा बाखा प्रजनन् पद्धतिलाई व्यवस्थित बनाई स्थानीय तथा उन्नत सबै बाखाका जातका संरक्षण, प्रवर्द्धन गर्न र प्रजननका लागि उपयोग गरिने बोका, माउ बाखा तथा पाटा/पाटीको गुणस्तर कायम राख्न यो बाखा ब्रिडर फार्म तथा समुहको मापदण्ड तथा नियमन प्रक्रिया २०७६ पशु सेवा विभागबाट स्विकृत गरी लागु गरिएको छ ।

## २ परिभाषा

ब्रिडर पशु : यस दस्तावेजको दफा ४ मा उल्लेख भएबमोजिमका मापदण्ड पुगेका प्रजनन्का लागी प्रयोग गरिने बाखा वा बोका उत्पादन गर्न प्रयोग गरिने शुद्ध वा वर्णशंकर बाखा वा बोका लाई ब्रिडर पशु सम्झनु पर्दछ ।

ब्रिडर फार्म : यस दस्तावेजको दफा ३ मा उल्लेख भएबमोजिमका मापदण्ड पुगेका प्रजनन्का लागी प्रयोग गरिने गुणस्तरीय पशुहरु ( पाठा ,पाठी, बाखा, बोका) उत्पादन गरी बिक्रि वितरण गर्ने वा प्रजनन्योग्य पशुपालन गरी सेवा बापत शुल्क लिने गरी दर्ता स्थापना भएका व्यक्तिगत, साझेदारी वा सहकारीमा संचालन भएका फार्मलाई सम्झनु पर्दछ ।

ब्रिडर समूह : यस दस्तावेजको दफा ३ मा उल्लेख भएबमोजिमका मापदण्ड पुगेका प्रजनन्का लागी प्रयोग गरिने गुणस्तरीय पशुहरु ( पाठा ,पाठी, बाखा, बोका) उत्पादन गरी बिक्रि वितरण गर्ने उद्देश्यले समुदायमा कम्तिमा १० देखी २० जना सम्म सदस्य भएको र समुहमा कम्तिमा १०० प्रजनन् योग्य एउटै जातका माउ बाखा र विभिन्न SIRE लाईनका कम्तिमा ३ वटा ब्रिडर बोका रहेको कृषकहरुको समूहलाई ब्रिडर समूह सम्झनु पर्दछ ।

## ३ बाखा ब्रिडर फार्म / समूहमा हुनुपर्ने न्यूनतम मापदण्डहरु

१. पेशागत निपटा तथा आचरण परिपालना गर्नुपर्ने तथा समुहको सुशासन र पर्दशिता कायम भएको हुनु पर्ने ।
२. पशु कल्याणका न्यूनतम मापदण्ड अनुसार बाखापालन व्यवस्थापन तथा प्रजनन् कार्य अनुसरण गरिएको हुनु पर्ने ।
३. हर्ड बुक तथा रजिष्टर व्यवस्थापन गरिएको हुनु पर्ने ।
४. ब्रिडिङ्ग बाखाको सम्पूर्ण रेकर्ड व्यवस्थापन भएको हुनु पर्ने ।

नेपाल सरकार पशुपन्छी विकास मन्त्रालय पशु सेवा विभाग हरिहरभवन, ललितपुर

५. जातिय गुणको एकिन भएको हुनु पर्ने ।
६. ब्रिडिङ्ग बाखाको पहिचान भएको हुनु पर्ने टयागिङ गर्नु पर्ने ।
७. किनेको अथवा आयात गरिएको स्थानको पहिचान भएको हुनु पर्ने ।
८. नियमित रोगको परीक्षण तथा उपचार गर्ने व्यवस्था भएको हुनु पर्ने ।
९. नियमित खोप तथा परजीवि नियन्त्रण गरेको हुनु पर्ने ।
१०. जैविक सुरक्षाको राम्रो व्यवस्था भएको हुनु पर्ने ।
११. तनाव मुक्त भएको हुनु पर्ने ।
१२. जन्मजात रोगहरु तथा दीघरोग लागेको बथानबाट किनेको हुन नहुने ।
१३. स्वस्थ र स्वभाविक वृद्धि दर भएको हुनु पर्ने
१४. जन्मजात खोट नभएको हुनु पर्ने ।
१० क्लोन तथा जेनेटिक ईन्जिनियर्ड बाखाहरु प्रयोग गर्न नहुने तथा ग्रोथ हर्मोन प्रयोग गर्न नपाइने ।
११ निश्चित वर्षपछि प्रजनन् प्रयोग गर्न नपाइने ।
१२ खोर व्यवस्थापनको लागि पशु सेवा विभागले सिफारिश गरे बमोजिमको न्यूनतम मापदण्ड पुगेको हुनु पर्ने ।
१३ बाखापालन सम्बन्धी तालिम प्राप्त गरेको हुनु पर्ने ।
१४ तोकिएको निकायबाट ब्रिडर फार्म वा समूहलाई तोकिएका मापदण्ड अनुरुपका बोका/पाठा/बाखी/पाठी उत्पादन गरी बिक्रि वितरण गर्न वा भाडामा लिन/दिन दफा ५ को उपदफा ५.१ बमोजिम दर्ता भएको ।
१५ ब्रिडर फार्म वा समूहको प्रजनन् योजना (Breeding plan) सम्बन्धित क्षेत्रमा रहेको संघिय, प्रादेशिक र स्थानिय तह मध्ये पाएक पर्ने जुनसुकै पशु सेवा तथा अनुसन्धान सम्बन्धी कार्य हेर्ने सरकारी निकायमा कार्यरत सम्बन्धित बिषयमा कम्तिमा स्नातक तह हासिल गरेको विज्ञबाट स्वीकृत भएको र सोहि अनुसार प्रजनन् व्यवस्थापन गरेको ।
१६ व्यक्तिगत, साझेदारी वा सहकारी स्तरमा एउटै फार्म व्यवस्थापन गरी पालिएको ब्रिडर फार्म भएमा कम्तिमा २५ प्रजनन योग्य माउ बाखा र फरक SIRE लाईनका कम्तिमा २ वटा प्रजनन् योग्य बोका रहेको । त्यसै गरी ब्रिडर समूहका हकमा प्रति सदस्य कम्तिमा ५ प्रजनन् योग्य माउ र प्रति समूह १०० माउ बाखा तथा फरक SIRE लाईनका कम्तिमा ५ वटा ब्रिडर बोका रहेको ।
१७ ब्रिडर फार्म/समूहहरुलाई आवश्यक पर्ने आधार पशु (Foundation Stock) को स्रोत सुनिश्चित भएको । र बढिमा प्रत्येक २ वर्षमा ( कम्तिमा १ बोका एक वर्षमा ) बोका तथा बढिमा प्रत्येक ६ बेतमा माउ बाखा प्रतिस्थापन गरेको हुनुपर्ने यसो गर्दा बार्षिक रुपमा कुल माउ बाखाको २० प्रतिशतले प्रतिस्थापन गरेको ।
१८ ब्रिडर पशुको कम्तिमा ३ पुस्तासम्मको वंशावली ( Sire and dam) अभिलेख दुरुस्त रहेको ।
१९ अनुसूचि ८ अनुसारका अभिलेखहरु राखेको ।
२० सम्बन्धित ब्रिडर फार्म / समुहले आफ्नो फार्ममा प्रजनन् व्यवस्थापन र असल पशुपालन अभ्यास लगाएतका प्राविधिक सेवा परामर्श प्राप्त गर्ने सुनिश्चितता गरेको हुनुपर्ने ।

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय पशु सेवा विभाग हरिहरभवन, ललितपुर

४. ब्रिडिङ्ग पशुहरुको गुणस्तरः

४.१ ब्रिडिङ्ग बाखाको जातीय गुण :

१. लामो कद, मिलेको शरीर र दरिला खुट्टा भएको हुनु पर्ने ।

२. कल्चौडोको आकार प्रकार राम्रो आकारमा विकास भएको भएको हुनु पर्ने (Well Formed Pliable Udder, Roomy Hind Quarter)

३. राम्रो चरन बानी व्यहोरा भएको हुनु पर्ने (Active Foraging Habit)

४. राम्रो आमा बन्ने संभावना भएको हुनु पर्ने ( Good Mothering Instinct)

५. लामो आयु भएको रोगको बिरुद्ध प्रतिरोधात्मक क्षमता भएको हुनु पर्ने ।

६. दुई वा दुई भन्दा बढी पाटापाटी जन्माउनेको सन्तान हुनु पर्ने ।

७. माउ (Dam) र बाबु (Sire) एकआपसमा नाता नपर्ने हुनुपर्ने ।

८. पहिलो पल्ट ब्याउने उमेर बढीमा १६ महिना हुनु पर्ने ।

९. कम्तिमा १० महिना उमेर पुगेको हुनुपर्ने ।

१०. दुई वर्षको अवधिमा कम्तिमा ३ पटक ब्याउनु पर्ने ।

११. स्वस्थ रहेको र प्रजनन् विकृती नभएको हुनुपर्ने ।

१२. जात अनुसारका विशेषताहरु रहेको हुनुपर्ने ( अनुसूची १ अनुसार ) ।

४.२ ब्रिडिङ्ग बोकाको जातीय गुण :

१. राम्रो शारिरीक बनावट भएको हुनु पर्ने ।

२. दरिलो खुट्टा दरिलो शरिर हुनु पर्ने (Masculine)

३. कुनै जन्मजात खोट नभएको हुनु पर्ने (Free from defect)

४. नरम चिल्लो छाला भएको हुनु पर्ने (Soft and shiny skin)

५. राम्रो प्रजनन् क्षमता भएको हुनु पर्ने (Good Libido)

६. दुई वा दुई भन्दा बढी पाटापाटी जन्माउनेको सन्तान हुनु पर्ने ।

७. माउ (Dam) र बाबु (sire) एक आपसमा नाता नपर्ने हुनु पर्ने ।

८. दुवै अण्डकोष एकै आकारको र तल झरेको हुनु पर्ने ।

९. स्वस्थ, फुर्तिलो भएको हुनु पर्ने ।

१०. कम्तिमा १२ महिना उमेर पुगेको हुनु पर्ने ।

११. जात अनुसारको विशेषताहरु रहेको हुनुपर्ने ( अनुसूचि १ अनुसार) ।

## ५.ब्रिडर फार्म/समूह दर्ता, नियमन तथा प्रमाणिकरण प्रकृया

५.१ ब्रिडर फार्म/ समूह दर्ता : ब्रिडर फार्म वा समूह दर्ताका लागी तपशिलमा उल्लेखित मध्ये कुनै एक कार्यालयमा इच्छुक बाखा ब्रिडर फार्म/ समूहले अनुसूची २ मा उल्लेखित ढाँचाको निवेदन र संलग्न कागजातसहित अनुसुची ३ को फारामको नमुना समेत भरी दर्ताका लागि आवेदन दिन सकिने छ ।

तपशिल

१. राष्ट्रिय पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालय, हरिहरभवन, ललितपुर ।

२. राष्ट्रिय पशु प्रजनन् कार्यालय, पोखरा ।

३. राष्ट्रिय पशु प्रजनन् कार्यालय, लहान ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

महा-निर्देशक

४. राष्ट्रिय पशु प्रजनन् कार्यालय, नेपालगंज ।
५. बाख्रा आनुवंशिक स्रोत केन्द्र, कैलाली ।
६. आफ्नो कार्यक्षेत्रमा पर्ने प्रादेशिक पशु सेवा तथा मत्सय विकास निर्देशनालय अन्तर्गतका भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरु र बाख्रा विकास फार्महरु।
७. नेपाल कृषि अनुसन्धान परिषद अन्तर्गतका बाख्रा अनुसन्धान सम्बन्धि कार्य गर्ने केन्द्रहरु ।

दर्ताका लागि प्राप्त निवेदनहरुको अध्ययन र स्थलगत अनुगमन समेतका आधारमा मापदण्ड पुगेका ब्रिडर फार्म/समूहहरुलाई माथि उल्लेखित कार्यालयहरुले छुट्टै दर्ता रजिष्टर खडा गरी दर्ता गरेर अनुसूची ४ अनुसारको बाख्रा ब्रिडर फार्म/समूह दर्ता प्रमाणपत्र दिनु पर्नेछ ।

५.२ **ब्रिडर फार्म/समूह दर्ता नविकरण** : बाख्रा ब्रिडर फार्म/समूहले प्रत्येक ३ वर्षमा दर्ता भएकै कार्यालयमा निवेदन दिई नविकरण गर्नु पर्नेछ । नविकरण गर्दा दर्ता गर्ने सम्वन्धित कार्यालयले दफा ५.६ बमोजिम अनुगमन गरी पेश गरेको प्रतिवेदनका आधारमा अनुसुचि ४ अनुसारको दर्ता प्रमाणपत्रको पछाडिको पृष्ठमा रहेको ढाचामा नविकरण गर्नुपर्नेछ । यसरी अनुगमन गर्दा मापदण्डमा तोकिएबमोजिम नभएको पाईएमा दर्ता खारेजी गर्न वा नविकरण नगर्न सक्नेछ ।

५.३ **ब्रिडर फार्म/समूहको विवरण एकिकृत गरी अभिलेख राखे** :ब्रिडर फार्म/समूहको वार्षिक अध्यावधिक विवरण ब्रिडर फार्म / समुह दर्ता गर्ने सम्वन्धित कार्यालयहरुले प्रत्येक आ.व. को अन्तसम्म राष्ट्रिय पशुपन्छी स्रोत व्यबस्थापन तथा प्रवर्द्धन कार्यालयमा अनुसूची ६ अनुसारको विवरण भरी पठाउनु पर्ने छ र उक्त विवरण अनुसार जात र गुणस्तर अनुसारका बाख्रा/बोकाको स्रोत बारे सूचना प्रवाह गरी संघिय, प्रदेश र स्थानीय तह अन्तर्गतका कार्यक्रम सुचारु गर्न र नीजि क्षेत्रबाट आएको माग समेत पुरा गर्न सहजीकरण गर्नु पर्ने छ ।

५.६ **ब्रिडर पशुको गुणस्तर प्रमाणिकरण**: ब्रिडर फार्म/समूहमा रहेका ब्रिडर पशुको छुट्टाछुट्टै प्रमाणिकरण गरी सोहि फार्म वा समुहले राख्नु पर्ने छ । यसरी प्रमाणिकरण गर्दा सम्वन्धित ब्रिडर फार्म वा समुहमा प्राविधिक परामर्स सेवा उपलब्ध गराउने प्राविधिकबाट वंशावली र अन्य अभिलेखका साथै ब्रिडर पशुको अनुसुची १ अनुसारको बाहरी बनावट र अन्य विशेषताका आधारमा अनुसुची ५ अनुसारको ढाचामा प्रमाणीकरण गरी गर्नुपर्नेछ।

५.७ **ब्रिडर फार्म/समूहको अनुगमन**: दर्ता भएका ब्रिडर फार्म/समूहहरुको नियमित अनुगमन सम्वन्धित कार्यालयहरुले गर्नु पर्नेछ । अनुगमन कार्यमा बाख्रा व्यवसायी महासंघका स्थानीय वा केन्द्रीय पदाधिकारी र सम्वन्धित क्षेत्रमा रहेका नेपाल कृषि अनुसन्धान परिषदको वैज्ञानिक, सम्वन्धित शैक्षिक सस्था समेतको संलग्नता हुनु पर्नेछ । अनुगमन प्रतिवेदनका आधारमा तोकिएको मापदण्ड कायम नरहेको ब्रिडर फार्म/समूहको दर्ता खारेज गर्ने, नविकरण नगर्ने जस्ता कार्य सम्वन्धित कार्यालयले गर्नु पर्ने छ । साथै सम्बन्धित कार्यालयले ब्रिडर फार्म/समूहको सुद्धढिकरण गरी ब्रिडर पशुको गुणस्तर कायम गर्न सक्नेछ । ब्रिडर फार्म/समूहको अनुगमन गर्दा अनुसूची ७ अनसार को नमूनालाई आधार लिन सकिनेछ

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

महा-निर्देशक

५.८ ब्रिडर फार्म/समूह नियमन निर्देशक समितिः बाख्रा ब्रिडर फार्म/समूहको मापदण्ड परिमार्जन तथा अध्यावधिक गर्न र नियमन गर्दा आईपर्ने समस्याहरु समाधान गरी नियमन गर्ने कार्यालयहरुलाई निर्देशन दिन एक राष्ट्रिय स्तरको देहाय बमोजिमको ब्रिडर फार्म/समूह नियमन निर्देशक समिति रहनेछ ।

महानिर्देशक, पशु सेवा बिभाग : संयोजक
प्रमुख, पशु प्रजनन् महाशाखा/बाख्रा अनुसन्धान केन्द्र ने.कृ.अ.प. : सदस्य
प्रमुख, राष्ट्रिय पशु प्रजनन् कार्यालय, पोखरा : सदस्य
अध्यक्ष, व्यवसायीक बाख्रा पालक महासंघ : सदस्य
प्रमुख, राष्ट्रिय पशुपन्छी स्रोत व्यबस्थापन तथा प्रवर्द्धन कार्यालय : सदस्य सचिव

उक्त समितिको बैठक आवश्यकता अनुसार सदस्य सचिवले आयोजना गरी बस्न सकिनेछ । समितिले बैठकको निर्णय अनुसार निर्देशन दिन सक्ने छ । ब्रिडर फार्म/समूह दर्ता र अनुगमन गर्ने निकाय, प्रमाणिकरण गर्ने व्यक्तिले उक्त निर्देशन पालना गर्नु पर्नेछ ।

अनुसुची-१

नेपालमा प्रचलित विभिन्न जातका बाख्राको जातिय विशेषताहरुः

| क.स | जात | प्रमुख बाहिरी शारिरीक बनावट | वयस्कको तौल के.जी. कम्तिमा | | बथानमा प्रतिवेत पाठापाठी जन्माउने औषत संख्या |
|---|---|---|---|---|---|
| | | | बोका | माउ | |
| १ | खरी | मध्यम आकार, विभिन्न सात वा बढी रंगका ,पछाडी वा माथी फर्केका सिङ्ग सिं | ३० | २० | १.४५ |
| २ | तराई | मध्यम आकार , विभिन्न रंग , हल्का माथी उठेको नाक , झुण्डिएको कान | ३० | २० | १.४ |
| ३ | जमुनापारी | ठुलो आकार , साधारणतया सेतो रङमा गाडा रङको चिन्हहरु, लामा खुट्टा, कान झुण्डीएको लामो र दाही आएको । | ५० | ३० | १.२ |
| ४ | बारबेरी | सानो तथा खदिलो शरिर , छोटा र ठाडा कान, सेतो रङको शरिरमा साना हल्का राता वा खैरा दब्बा | ३० | २० | |
| ५ | सानन | ठुलो आकार , सेतो र | ३० | ४५ | १.[illegible] |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

महा-निर्देशक

| | | | | | |
|---|---|---|---|---|---|
| | | क्रिम रङ्ग, साना टाडा कान , सिधा वा थोप्चिएको अनुहार | | | |
| ६ | बोयर | ठुलो आकार , प्राय सेतो ज्यान र रातो टाउको वा पुरा रातो शरिर , हसिया आकारका चेप्टा मोटा सिङ्ग । | ९० | ७५ | १.६ |
| ७ | सिन्हाल | मध्यम आकार , रैथाने जातहरुमध्ये ठुलो, छोटो टाउको , सिधा नाक । | ३५ | २५ | १ |
| ८ | च्याङग्रा | मध्यम आकार, विभिन्न रङ्ग, सानो तर लामो टाउको , बाहिरी बाक्ला लामा रौ र भित्री मसिनो भुवा पश्मीना । | ३० | २२ | १ |
| ९ | सिरोही | मध्यम आकार , खैरो रङ्ग र धब्बा सहित , छोटो र तिखो नाक , लामा र कमजोर कान , तिखा र माथी तथा पछाडितिर बाङ्गिएका सिङ । | ५० | ४० | १.४५ |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

अनुसुची-२

ब्रिडर फार्म / समूहले दर्ताको लागि दिइने निवेदनको नमूना

मिति:..............

श्री.......................................कार्यालय/केन्द्र

...............................................................

विषय : बाख्रा ब्रिडर फार्म/समूह दर्ता गरि प्रमाण पत्र पाँउ ।

महोदय,

उपर्युक्त विषयमा म/हामीले स्थापना गरेको...........................................ब्रिडर फार्म/समूह नियमानुसार दर्ता गरी प्रमाणपत्र पाउनका लागि यो निवेदन तपसिलका कागजातहरु संलग्न राखी पेश गरेको छु/छौं ।

निवेदक :-

..........................................

..........................................

फार्म/समूहको छाप :-

तपशिल

१ अनुसुचि २ अनुसारको फाराम

२ ब्रिडर फार्म वा समुहको स्विकृत प्रजनन् योजना .।

१ तोकिएको निकायबाट जारी भएका व्यवंसाय संचालन वा कर प्रयोजन सम्बन्धि प्रमाणपत्र वा कागजातहरु (स्थानिय तह/घरेलु /आन्तरिक राजश्व कार्यालय/ कम्पनी रजिष्टारको कार्यालय/ वाणिज्य कार्यालय आदी )

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय पशु सेवा विभाग हरिहरभवन, ललितपुर

महा-निर्देशक

अनुसुची-३

ब्रिडर फार्म/समूहले दर्ताका लागि दिने निवेदन साथ संगै पेश गर्नु पर्ने फारमको नमूना

१. ब्रिडर फार्म/समूहको नाम...........................................

२. ब्रिडर फार्म/समूहको ठेगाना....................................................

३. प्रोपराइटर/अध्यक्ष/जिम्मेवार व्यक्तिको नाम.....................................

४. प्रोपराइटर/अध्यक्ष/जिम्मेवार व्यक्तिको ठेगाना.......................................

५. प्रोपराइटर/अध्यक्ष/जिम्मेवार व्यक्तिको सम्पर्क नं.......................................

६. नेपाल व्यवसायिक बाख्रापालक महासंघको सिफारिश

६. फार्म / समुहमा भएका बाख्राको विवरण :-

| क्र.स. | जात | ब्रिडर पशुको विवरण | मौजुदा सङ्ख्या | औषत वार्षिक बिक्रि ब्रिडर पशु संख्या |
|---|---|---|---|---|
| १ | | बोका | | |
| | | माउ | | |
| | | पाठा | | |
| | | पाठी | | |
| २ | | बोका | | |
| | | माउ | | |
| | | पाठा | | |
| | | पाठी | | |

७. ब्रिडर पशुको व्यक्तिगत विवरण (सम्पूर्ण पशुको छुटाछुट्टै हुनु पर्ने) निम्न विवरण खुलेको हुनु पर्ने

ब्रिडर पशुको :- नाम/ पहिचान.....................................................

- लिङ्ग................जात.................... रङ्ग..............
- उमेर....................
- जन्म मिति ............................जन्म तौल..........................................
- जन्मको प्रकार (एउटा, जुम्ल्याहा, तिम्ल्याहा).........................
- माउ र बाबु साथै तिन पुस्ता सम्मको वंशावली अभिलेख.............
- स्वास्थताको आधिकारिक प्रमाण.......................

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

महा-निर्देशक

८. ब्रिडर फार्म/समूहको स्विकृत प्रजनन् योजना

९. फार्म र समूहलाई आवश्यक पर्ने आधार बाखाको स्रोतको सुनिश्चितता (खरिद गर्ने भए सोको विवरण/ आफ्नै फार्म/समुह आदी)

..........................................................................................

१०. ब्रिडर फार्म/समूहले अपनाएको पालन प्रणालीको संक्षिप्त विवरण

क. पशु छनौट

ख. गोठ/खोर व्यवस्था

ग. आहार/चरन व्यवस्था

घ. स्वास्थ्य व्यवस्थापन

ङ. अभिलेख प्रणाली

च. पशु कल्याणको अवस्था

छ. वातावरणीय व्यवस्था

ज. मानव स्रोत व्यवस्थापन

झ. अन्य

अनुसुची-४

ब्रिडर फार्म/समूह दर्ताको प्रमाणपत्रको नमूना

.............सरकार

..........................................

..........................................

..........................................................

...................................

मिति :-

बाखा ब्रिडर फार्म/समूह दर्ता प्रमाणपत्र

................गा.पा./न.पा./उ.प.म.न.पा./म.न.पा ............ प्रदेश मा अवस्थित ..........................................................फार्म/समूहले बाखा ब्रिडर फार्म/समूहको न्यूनतम मापदण्ड पुरा गरेकोले उक्त .....................फार्म/समूहलाई बाखा ब्रिडर फार्मको दर्ता रजिष्टरमा दर्ता गरि यो प्रमाण पत्र प्रदान गरिएको छ ।

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय पशु सेवा विभाग हरिहरभवन, ललितपुर

महा-निर्देशक

प्रमुख

ब्रिडर फार्म/समूह दर्ता नविकरण अभिलेख

| क.स. | नविकरण भएको मिति | नविकरण गर्ने अधिकारीको सही र कार्यालयको छाप | पुन नविकरण गर्ने मिति |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

अनुसुचि ५

## ब्रिडर पशुको प्रमाणपत्रको नमुना

ब्रिडर पशुको व्यक्तिगत विवरण (सम्पूर्ण पशुको छुटाछुट्टै हुनु पर्ने) निम्न विवरण खुलेको हुनु पर्ने :

ब्रिडर फार्म/ समुहको नाम ..................

ब्रिडर फार्म / समुहको ठेगाना ..................

ब्रिडर पशुको :- पहिचान.....................................................

- लिङ्ग................जात.................... रङ्ग ...............
- उमेर.....................
- जन्म मिति .............................जन्म तौल.के जी ........................................
- जन्मको प्रकार (एउटा, जुम्ल्यांहा, तिम्ल्याहा)...........................
- बाबुको पहिचान
- बाबुको जात
- आमाको पहिचान
- आमाको जात
- पाच महिनाको औषत तौल के जी
- बथानमा रहेका सोहि उमेरका एउटै लिङ्गका समकालिन पशुहरुको औषत तौल
- बथानको औषत तौल

नोटः ब्रिडर फार्म/ समुहबाट ब्रिडर पशुको खरिद/ विक्रि गर्दा समेत यस प्रमाणपत्र अनिवार्य रुपमा लिनु/दिनु पर्नेछ ।

नोट :- यो दर्ता प्रमाणपत्र जारी भएपछि यसैको पछाडी पृष्ठमा प्रत्येक ३ वर्षमा नविकरण गर्नु पर्ने छ ।

अनुसुची-६

ब्रिडर फार्म/समूहको अध्यावधिक विवरण को नमूना ( दर्ता गर्ने कार्यालयले भरी राष्ट्रिय पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालयमा पठाउने)

| क.स. | दर्ता भएका बाख्रा ब्रिडर फार्म समूहको नाम/ ठेगाना | सम्पर्क व्यक्तिको नाम | सम्पर्क नं. | ब्रिडर पशुको जात | ब्रिडर पशुको मौजुदा संख्या | ब्रिडर पशुको वार्षिक बिक्रि संख्या |
|---|---|---|---|---|---|---|
| | | | | बोका ..... | | |
| | | | | बाख्रा ..... | | |
| | | | | | | |

तयार गर्ने :-

प्रमाणित गर्ने

अनुसूची-७

बाखा ब्रिडरफार्म /समूहको अनुगमनका लागि तयार गरिएको फारमको नमूना

१. अनुगमन गरिएको ब्रिडर फार्म/समूहको नाम/ठेगाना.......................................

२. ब्रिडर पशुको विवरण

बोका : संख्या ...............

जात र शुद्धता ...................

बाखा : संख्या ............................

जात र शुद्धता ...................

३. उत्पादित पशुको विकास (अवधी खुलाउने..............)

बोका : उत्पादित संख्या .............

जात र शुद्धता ...................

बिक्रि वितरण गरेको संख्या ................

बिक्रि वितरण गरेको स्थान..................

बाखा : बोका जस्तै

४. अभिलेखहरु भए/नभएको

- वंशावली

-अन्य

५. फार्म/समूहको पशुको उत्पादन र उत्पादकत्व विवरण(अभिलेख अनुसार)

६. फार्म/समूहको प्रजनन् योजना भएको/नभएको

७. फार्म/समूहलाई आवश्यक आधार पशुको श्रोत सुनिश्चित भएको/नभएको

८. फार्म/समूहको प्रमाण पत्र, अनुमति पत्र आदी र नविकरण भए/नभएको

९. असल पशुपालन अभ्यास भए/नभएको

१०. प्रमुख समस्याहरु

११. अनुगमन टोलीले दिएका सुझावहरु

अनुगमनकर्ताको नाम : सहि :

अनुसुची-८

ब्रिडर फार्म /समूहले राख्नुपर्ने अभिलेखहरु

१. प्रजनन् अभिलेखः Detail format

२. उत्पादन अभिलेखः Detail format

३. पशु आहारा/ दाना अभिलेख

४. खोप अभिलेख

५. उपचार अभिलेख

६. गोठ/खोर निसंक्रमण अभिलेख

७. कर्मचारी अभिलेख

८. विक्रि वितरण अभिलेख

९. खर्च/आम्दानी अभिलेख

१०. विक्रि भएको पशुको अनुगमन अभिलेख

११. बाख्रा आयात गरिएको अभिलेख

१२. ढुवानी गरिएको अभिलेख

१३. प्रदर्शनी तथा पुरस्कारको अभिलेख

११. अन्य

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग